विशेष अदालत
काठमाण्डौं
२०५९

# विशेष अदालत

## विज्ञप्ती

**नवनियुक्त माननीय अध्यक्ष एवं सदस्यज्यूहरुको सपथग्रहण एवं पदवहाली**

सम्माननीय प्रधानन्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.व.रा.ज्यूले विशेष अदालतका नवनियुक्त अध्यक्ष माननीय न्यायाधीश श्री प्रेमराज कार्कीज्यू एवं सदस्यद्वय माननीय न्यायाधीश श्री अब्दुल अजिज मुसलमानज्यू र माननीय न्यायाधीश श्री नित्यानन्द पाण्डेयज्यूलाई पद तथा गोपनीयताको सपथ गराउनु भएको छ। उक्त अवसरमा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउतज्यू, मुख्य रजिस्ट्रार श्री नृपध्वज निरौलाज्यू, रजिस्ट्रारद्वय श्री लालबहादुर कुँवरज्यू एवं नारायण प्रसाद पन्थीज्यू, न्याय परिषद्का सचिव श्री देवेन्द्रराज ढकालज्यू, विशेष अदालतका रजिस्ट्रार श्री अशोक कुमार क्षेत्रीज्यू लगायत सम्माननीयज्यूको सचिवालय तथा सर्वोच्च अदालत प्रशासनका अधिकृत एवं कर्मचारीहरुको उपस्थिति थियो।

सपथग्रहण पश्चात नवनियुक्त अध्यक्ष एवं सदस्य माननीय न्यायाधीशज्यूहरु विशेष अदालत आईपुग्नु हुँदा सदस्य माननीय न्यायाधीशज्यूहरु, अदालतका रजिस्ट्रार श्री अशोक कुमार क्षेत्रीज्यू, उपरजिस्ट्रारद्वय, अधिकृत एवं कर्मचारीहरुले पुष्पार्पण गरी स्वागत गर्नुभएको थियो। नवनियुक्त अध्यक्ष एवं सदस्य माननीय न्यायाधीशज्यूहरुले आजबाटै पदभार ग्रहण गर्नुभएको छ।

मिति २०७७।०७।१९

पुष्पराज पाण्डेय
उपरजिस्ट्रार/प्रवक्ता